# खार्पूनाथ गाउँपालिकाको विनियोजन ऐन २०८१

## खार्पूनाथ गाँउपालिका
## याङ्चुबजार, हुम्ला

कर्ण वहादुर रावल
अध्यक्ष

# खार्पूनाथ गाउँपालिको विनियोजन ऐन २०८१

## खार्पूनाथ गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०८१।०३।१०

**प्रस्तावना:**

खार्पूनाथ गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम .खार्पूनाथ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** **(१)** यस ऐनको नाम " **खार्पूनाथ गाउँपालिकाको विनियोजन ऐन, २०८१**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **३७९२७६०००।००** (अक्षेरुपी सैतसि करोड दश लाख छयत्तर हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** **(१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त खार्पूनाथ गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ/नगर कार्यपालिकाले बचत

कर्ण बहादुर रावल
अध्यक्ष

हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ/नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

कर्ण वहादुर रावल
अध्यक्ष

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1. | | गाउँ कार्यपालिका | ९९००००० | ४०९००००० | | १३९९००००० |
| 2. | | वडा समिति | ४०००००० | ५०००००० | | ९०००००० |
| 3. | | विषयगत शाखा | १२८९४१००० | ३५७००००० | | १६४६४१००० |
| 4. | | ऋणको साँवा ब्याज भूक्तानी | ० | ० | | |
| 5. | | लगानी (सेयर ऋण) | ० | ० | | |
| 6. | | प्रधान मन्त्री रोजगार कार्यक्रम | ० | १०००००० | | १०००००० |
| 7. | | स्थानिय सहयोग पुर्वाधार कार्यक्रम (LISP) | ० | २०००००० | | २०००००० |
| 8. | | सवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजान (SUSWA) | २०००००० | १०००००० | | ३०००००० |
| 9. | | GIZ(GRAPE) | ० | २०००००० | | २०००००० |
| 10. | | कर्णाली प्रदेश सरकारबाट प्रत्त अनुदान | १५३५००० | ३८२००००० | | ३९७३५००० |
| जम्मा | | | २३५४७६००० | १४३८००००० | | ३७९२७६००० |

कर्ण वहादुर रावल
अध्यक्ष

आ व २०८०।०८१ मा यस गाँउपमलिका बाटभएको आम्दानी तथा बजेट खर्चको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु ।

| क्रस | आम्दानी तथा खर्चको शिर्षक | बार्षिक स्वीकृत बजेट रकमर रु | २०८१ जेठ मसान्त सम्मको निकासा | २०८१ जेठ मसान्त सम्मको खर्च | २०८१ जेठ मसान्त सम्मको बाँकी |
|---|---|---|---|---|---|
| 1 | गत आ .वको मौज्दात | १०९२०४१२ | १०९२०४१२ | ९०३६८६२ | १८८३५५० |
| 2 | संघ प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्वको विवरण | ३९०२९५५५७.५३ | २९२९९५८४७ | २१२९८५०५३ | ८००१०७९४ |
| 3 | आन्तरिक राजस्व | १५००००० | ७००००० | ० | ७००००० |
| 4 | जम्मा | ४०२७१५९७० | ३०४६१६२५९ | २२२०२१९१५ | ८२५९४३४४ |

कर्ण वहादुर रावल
अध्यक्ष